# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:०८०/०८१

चलानी नम्बर:

Website:www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com
ito.mahaburmun@gmail.com


## लघु उद्यम,व्यापार, व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०६/२९**

प्रस्तुत बिषयमा कर्णाली प्रदेश औद्योगिक व्यवसाय ऐन २०७८ को दफा ४९ बमोजिम ३,००,०००। (तिन लाख ) रुपैया सम्म स्थिर पुँजी भएका लघु उद्यम तथा घरेलु उद्योग दर्ता /नवीकरण एवं सोसंग सम्बन्धित अन्य प्रशासनिक कार्यहरु र कर्णाली प्रदेश व्यापार व्यवसाय ( दर्ता तथा सञ्चालन ) ऐन २०७८ को दफा ६८ बमोजिम १०,०००००।( दश लाख) रुपैया सम्म पुँजी भएका वाणिज्य व्यापार संग सम्बन्धित निजी तथा साझेदारी फर्मको दर्ता नवीकरण एवं सो संग सम्बन्धित अन्य प्रशासनिक कार्यहरु उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय (साविक घरेलु तथा साना उद्योग विकास समिति) दैलेखमा दर्ता भई कार्य सम्पादन हुदै आएका यस महाबु गाउँपालिका अन्तर्गत ठेगाना कायम भएका सम्पुर्ण उद्योग तथा व्यापार व्यवसाय दर्ता तथा नवीकरणका फायलहरु यस गाउँपालिकालाई प्राप्त भएको मिति २०८०/०६/१८ गते देखि दर्ता तथा नवीकरण सम्बन्धी सम्पुर्ण कार्यहरु यस महाबु गाउँपालिकाको उद्यम विकास शाखाबाट हुने भएकोले लघु उद्यम, घरेलु उद्योग, व्यापार व्यवसाय दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

**आवश्यक कागजातहरु :**

क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
ख) व्यवसाय संचालन रहेको जग्गाको जग्गाधनीको प्रमाण पुर्जाको प्रतिलिपी,सम्झौता पत्रको प्रतिलिपी
ग) तिरो तिरेको रसिद
घ) प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता तथा इजाजत प्राप्त प्रमाण पत्रको प्रतिलिपी।
ङ) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाण प्रत्रको प्रतिलिपी
च) सम्बन्धित वडाको सिफारिस र सर्जमिन मुचुल्का।
छ) व्यवसाय संचालनमा रहेको अवधि खुल्ने कागजातहरु - घर भाडा,पानी बत्ति,बिजुली तिरेको रसिद कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात )
झ) संचालकको ३ प्रति पासपोर्ट साईजको फोटो।
ञ) रेकर्ड फाईल।